त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु

## सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह Bachelors in Information Technology (BIT) कार्यक्रम २०८२ सालको नयाँ विद्यार्थी भर्ना सम्वन्धी अत्यन्त जरुरी सूचना

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आंगिक क्याम्पसहरुमा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार पठन पाठन हुने चार वर्षे स्नातक तह **Bachelors in Information Technology (BIT)** कार्यक्रममा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०८२ सालको लागि निम्नानुसारको नयाँ भर्ना कार्यक्रम प्रकाशित गरिएको छ ।

१. **आवेदनको लागि न्यूनतम योग्यता :**

(क) उच्च माध्यमिक वा माध्यमिक विद्यालयको जुनसुकै Stream बाट कक्षा ११ वा १२ मा अंग्रेजी र गणित वा कम्प्यूटर विषय १००/१०० पूर्णाङ्क लिई कक्षा ११/१२ वा सो सरहको परीक्षामा अंग्रेजी र गणित वा कम्प्यूटर (गणित वा कम्प्यूटर विषय मध्ये कुनै एक विषय लिएको हुनुपर्ने) विषयमा कम्तिमा C Grade र अन्य विषयहरु उत्तीर्ण भई कम्तिमा Grade Point (GPA 1.6) प्राप्त गरी उत्तीर्ण गरेको र Final CGPA न्यूनतम 1.8 प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

वा

(ख) त्रि.वि.वा यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा जुनसुकै संकायबाट अंग्रेजी र गणित वा कम्प्यूटर (गणित वा कम्प्यूटर विषय मध्ये कुनै एक विषय लिएको हुनुपर्ने) विषय १००/१०० पूर्णाङ्क लिई कम्तिमा द्वितिय श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

वा

(ग) A Level को परीक्षामा (अंग्रेजी र गणित वा कम्प्यूटर विषय १००/१०० पूर्णाङ्क लिई) न्युनतम D Grade (With or Without Small Letter) ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

वा

(घ) CTEVT बाट Three Years Diploma उत्तीर्ण गरेका विद्यार्थीहरुको हकमा (अंग्रेजी र गणित वा कम्प्यूटर विषय १००/१०० पूर्णाङ्कको लिई) कम्तिमा द्वितिय श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(ङ) विदेशी शैक्षिक संस्था वा विदेशी विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट समकक्षता प्राप्त गरेको कागजात पेश गर्नुपर्ने ।

२. **आवेदन प्रक्रिया Completely Online :**

(क) विज्ञान तथा प्रविधि अध्ययन संस्थानको **वेवसाइट** https://iost.tu.edu.np मा रहेको BIT प्रवेश परीक्षाको Link मा गई आवेदक स्वयम्ले आवेदन फाराम भरी Online बाट नै सोही **वेवसाइट** मार्फत Submit गर्नुपर्ने छ ।

(ख) IoST, TU को **वेवसाइट** मा Online फाराम **२०८२।०४।१८ गते विहान १०:०० बजे देखि मिति २०८२।०५।१७** गते सम्म मात्र उपलब्ध हुनेछ । तोकिएको समय पश्चात Online फारम स्वत: बन्द हुनेछ ।

(ग) आवेदन फाराम Internet सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका दिनहरुमा कुनै पनि समयमा भर्न सकिने छ ।

(घ) प्रवेश **परीक्षा शुल्क वापतको रकम रु. १,८५०।- (अक्षेरुपी एक हजार आठ सय पचास मात्र)** IoST को **वेवसाइटमा** दिइएको app तथा link प्रयोग गरेर Online माध्यमबाट शुल्क जम्मा गर्न सकिनेछ। आवेदन शुल्क जम्मा गरेपछि प्राप्त हुने Product ID/Voucher code/Transaction ID प्रयोग गरी आवेदन फाराम भर्नु पर्नेछ । आवेदन फाराम Online माध्यमबाट दस्तुर बुझाई फाराम भर्न सम्बन्धित विद्यार्थीहरुलाई अभिप्रेरित गरिन्छ । Online माध्यमबाट बुझाएको आवेदन शुल्क वापतको रकम फिर्ता हुने छैन ।

वा

(ङ)ग्लोवल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थानको नाममा रहेको खातामा जम्मा हुने गरी बुझाएको हुनुपर्ने छ । बैंकको भौंचर नम्वर अनिवार्य रुपमा भर्नु पर्नेछ । बैंक भौंचरबाट बुझाएको आवेदन शुल्क वापतको रकम फिर्ता हुने छैन ।

(च) आवेदकले फाराम भर्दा Online Portal मा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरु तथा Upload गर्नु पर्ने सामाग्रीहरु सहित Submit गर्नु पर्नेछ। आवेदनको न्युनतम योग्यता प्रमाणित गर्न निम्नानुसारका कागजातहरु Upload गरी फाराम भर्न सूचित गरिन्छ ।

**(अ) कक्षा ११ र कक्षा १२ को ट्रान्सक्रिप्ट वा प्रविणता प्रमाणपत्र तहको ट्रान्सक्रिप्ट Upload गर्नु पर्नेछ । (पुरानो उच्च माध्यमिक तथा प्रविणता प्रमाणपत्र तह उर्त्तीर्ण गर्ने आवेदकको लागि मात्र)**

वा

**(आ) कक्षा ११ को मार्कसिट र कक्षा १२ को ट्रान्सक्रिप्ट Upload गर्नु पर्नेछ । (पुरानो उच्च माध्यमिक वा माध्यमिक तह उर्त्तीर्ण गर्ने आवेदकको लागि मात्र )**

वा

**(इ) कक्षा ११ को मार्कसिट र कक्षा १२ को प्रवेशपत्र Upload गर्नु पर्नेछ । (यसै शैक्षिक सत्र कक्षा १२ को परीक्षामा संलग्न परीक्षार्थीहरुको लागि मात्र) । साथै यस्ता आवेदकहरुले कक्षा १२ को नतिजा पश्चात कक्षा १२ पास भएको मार्कसिट/ट्रान्सक्रिप्ट अनिवार्य रुपमा Upload गर्नु पर्नेछ । अन्यथा प्रवेश परीक्षामा सहभागी गराईने छैन ।**

(छ) Online बाट परीक्षा फाराम भरी Submit गरी सकेपछि प्राप्त हुने Acknowledgement Page Print गर्नुपर्नेछ ।

(ज) आवेदन फाराम Approved भए पश्चान Online माध्यमबाटै चरणबद्ध रुपमा प्रवेश पत्र उपलब्ध गराईने छ । उक्त **प्रवेश पत्र Download गरी Color Print गर्नुपर्नेछ** । परीक्षामा सामेल हुन अनिवार्य रुपले प्रवेश पत्र सहित आफुले तोकेको जिल्ला/केन्द्रमा जानु पर्नेछ । प्रवेश पत्रको साथै **आफ्नो परिचय खुलाउने फोटो सहितको ID (जस्तै नागरिकता प्रमाणपत्र वा सवारी चालक प्रमाणपत्र वा मतदाता परिचय पत्र वा राष्ट्रिय परिचय पत्र वा पछिल्लो शैक्षिक तहको प्रवेशपत्र)** पनि ल्याउनु पर्नेछ ।

३. **Online फाराम भर्दा नै विद्यार्थीहरुले परीक्षा दिने जिल्ला रोज्नु पर्नेछ । ति निम्न हुने छन् ।**

| | | |
|---|---|---|
| (क) काठमाडौं उपत्यका | (ख) मोरङ | (ग) सुनसरी |
| (घ) सप्तरी | (ङ) सिरहा | (च) धनुषा |
| (छ) पर्सा | (ज) चितवन | (झ) रुपन्देही |
| (ञ) बाँके | (ट) कन्चनपुर | |

४. **प्रवेश परीक्षा तथा प्रवेश परीक्षासंग सम्बन्धित मिति र समय : पछि प्रकाशित गरिने छ ।**

५. **प्रवेश परीक्षा सम्बन्धी जानकारी :**

(क) प्रवेश परीक्षाको अंकभार १०० पूर्णाङ्कको हुनेछ । जसमा I.Sc./ ११ र १२ वा सो सरहको पाठ्यक्रमको आधारमा अंग्रेजी विषयको ५० अंक र गणित विषयको ५० अंक अथवा कम्प्यूटर विषयको ५० अंक (गणित र कम्प्यूटर विषय मध्ये कुनै एकवटा विषय छनौट गर्न सकिने छ ) गरी जम्मा१०० अंकभार रहेको Objective प्रश्नहरु हुनेछन् । पाठ्यक्रमको आधारमा निम्न विषयका निम्न समूहमा Objective/Multiple Choice प्रश्नहरु सोधिनेछ । कुनै पनि Objective प्रश्नको Negative Marking हुने छैन ।

| Particulars | Group A | Group B |
|---|---|---|
| Marks | 50 | 50/50 |
| Subject | English (Grade 11-12) | Mathematics (Grade 11)<br>OR<br>Computer (Grade11-12) |

(ख) प्रवेश परीक्षाको सम्पूर्ण प्रश्नहरु Objective हुने छन् ।

(ग) प्रवेश परीक्षा उत्तिर्ण हुन पूर्णाङ्कको ३५% अंक प्राप्त गर्नु पर्ने छ ।

(घ) प्रवेश परीक्षाको नतिजामा परीक्षार्थीहरुले बराबर अंक प्राप्त गरेमा प्रवेश परीक्षामा गणित/कम्प्यूटर विषयमा प्राप्त गरेको अंकको आधारबाट योग्यता सूची तयार (Placement) गरिने छ । त्यहाँ पनि बराबर अंक भएमा क्रमशः अंग्रेजी विषयमा प्राप्त गरेको अंकलाई आधार बनाईने छ । सबैमा बराबर अंक भएको अवस्थामा कमशः तल्लो शैक्षिक तहलाई आधार वनाईने छ । यी आधारबाट प्राप्त अंकहरु प्रकाशित हुने छैनन् ।

६. **भर्ना प्रकृया, कक्षा संचालन, समावेशी कोटा तथा छात्रवृत्ति सम्बन्धी सूचना डीन कार्यालयको वेवसाइट https://iost.tu.edu.np मा पछि प्रकाशित गरिने छ ।**

सहायक डीन

मिति : २०८२।०४।१६